धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक   जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ८३ ◆ २०८३ असोज २३ शुक्रबार ◆ Friday, October 9, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## एमालेको स्थानीय तहका कमिटीको अधिवेशन मिति तय

*प्रत्यूष समाचारदाता*

काठमाडौं। नेपाल कम्युनिष्ट पार्टी (एमाले)को बिहीबार बसेको स्थायी कमिटी बैठकले पार्टीका स्थानीय तहका कमिटी अन्तर्गतका अधिवेशनको मिति तय गरेको छ। पार्टीका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा पार्टी केन्द्रीय कार्यालय च्यासलमा बसेको स्थायी कमिटीको प्रथम बैठकले वडा कमिटीको अधिवेशन आगामी मङ्सिर २६ गते र पालिका कमिटीको अधिवेशन पुस ४ गते गर्ने निर्णय गरेको हो ।

बिहीबारको बैठकको प्रारम्भमा केन्द्रीय कमिटीको तेस्रो बैठकबाट पार्टीको वरिष्ठ नेतामा मनोनीत हुनुभएकी विद्यादेवी भण्डारीले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो । बैठकले आगामी मङ्सिरको पहिलो साता राष्ट्रिय भेला आयोजना गर्ने निर्णय गरेको एमालेका प्रचार विभाग प्रमुख निरज आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार भेलामा प्रदेश कमिटीका पदाधिकारी, जिल्ला कमिटीका पदाधिकारी, पालिका कमिटीका अध्यक्ष तथा उपाध्यक्ष र विभिन्न तहका जनप्रतिनिधिको सहभागिता रहनेछ ।

स्थानीय तहका वडा र पालिका अधिवेशन सम्पन्न भएपछि प्रदेशस्तरीय भेला आयोजना गर्ने निर्णय पनि बैठकले गरेको आचार्यले जानकारी दिनुभयो। यसैगरी, मधेस प्रदेशसभामा समानुपातिक तर्फ रौतहट जिल्लाबाट प्रतिनिधित्व गर्नुभएकी जैनब खातुनको निधनपछि रिक्त भएको स्थानमा समानुपातिक सूचीकी उम्मेदवार नाजमा खातुनलाई मनोनयन गरी निर्वाचन आयोगमा लेखी पठाउने निर्णय बैठकले गरेको प्रचार विभाग प्रमुख आचार्यले बताउनुभयो । बैठकले पार्टीका १३ जिल्लामा रिक्त जिल्ला अध्यक्षको पद जिल्ला तहकै निर्णयबाट पूर्ति गरी सम्बन्धित सङ्गठन कमिटीमा रुपान्तरण गर्ने र त्यसलाई माथिल्लो कमिटीबाट अनुमोदन का लागि पठाउने निर्णय समेत गरेको छ।

## 'अनलाइन'बाट बिजुलीको बिल तिर्ने ग्राहकलाई अब विशेष सुविधा

*प्रत्यूष समाचारदाता*

काठमाडौं । नेपाल विद्युत् प्राधिकरणले बिजुलीको बिल 'अनलाइन'बाट तिर्ने ग्राहकलाई थप सुविधा दिने निर्णय गरेको छ। विद्युत् प्राधिकरण सञ्चालक समिति सदस्य अंशुकिरण शाहीका अनुसार 'डिजिटल' माध्यमबाट विद्युत् महसुल तिर्ने अभ्यासलाई प्रोत्साहित गर्न उपभोक्तालाई थप सुविधा दिने निर्णय भएको हो ।

विद्युत् प्राधिकरणले घरेलु उपभोक्ताहरूका लागि 'स्मार्ट पे रिवार्ड' कार्यक्रम ल्याएको छ । यसअन्तर्गत अब अनलाइनमार्फत विद्युत् महसुल भुक्तानी गर्दा विद्यमान दुई प्रतिशत छुट सुविधासँगै थप शून्य दशमलव पाँच प्रतिशत स्मार्ट पे रिवार्ड प्राप्त गर्न सकिने सञ्चालक समिति सदस्य शाहीले बताउनुभयो ।

उहाँका अनुसार अब डिजिटल भुक्तानी गर्ने ग्राहकले कुल दुई दशमलव पाँच प्रतिशत छुट प्राप्त गर्नेछन् । पहिलो चरणमा छ महिनाका लागि ल्याइएको यस कार्यक्रमले डिजिटल भुक्तानीलाई अझ सहज र प्रोत्साहनमूलक बनाउने उहाँको भनाइ छ । प्राधिकरणले सहज अनलाइन भुक्तानीबाट समयको बचतका साथै थप सुविधाको लाभ हुने भन्दै विद्युत् महसुल अनलाइनबाट तिरेर थप सुविधाको लाभ लिन आह्वान गरेको छ। यसैगरी ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठले डिजिटल माध्यमबाट विद्युत् महसुल तिर्न अपिल गर्नुभएको छ। अहिलेको डिजिटल युगमा अझै पनि ७३ प्रतिशत नागरिकले भौतिक रूपमा 'काउन्टर'मा गएर महसुस तिर्ने गरेको तथ्याङ्क प्रस्तुत गर्दै मन्त्री श्रेष्ठले यो अवस्थालाई सबै मिलेर परिवर्तन गर्नुपर्नेमा जोड दिनुभएको हो। यसका लागि सचेत नागरिकको सहयोगको खाँचो रहेको उहाँले बताउनुभएको छ। डिजिटल भुक्तानीले नागरिकको समय र आवतजावतको खर्च बचत हुने, नगद कारोबार घट्दा वित्तीय पारदर्शिता र सुरक्षा बढ्ने मन्त्री श्रेष्ठको भनाइ छ। साथै, काउन्टर सञ्चालनमा लाग्ने स्रोत र जनशक्तिलाई अन्य आवश्यक ग्राहक सेवामा सदुपयोग गर्न सकिने उहाँले धारणा राख्नुभयो ।

मन्त्री श्रेष्ठका अनुसार विद्युत् महसुल तिर्ने करिब ७३ प्रतिशत नागरिक भौतिक रूपमा काउन्टरमा पुग्छन् । भौतिक रूपमा आउने नागरिकका लागि सञ्चालित महसुल सङ्कलन काउन्टरको खर्च मात्रै वार्षिक करिब रु ५९ करोड ७९ लाख रहेको जनाउँदै उहाँले डिजिटल भुक्तानीबाट उक्त खर्च बचत हुने र उक्त जनशक्तिलाई अन्य काममा लगाउन सकिने बताउनुभयो ।

"नेपाल विद्युत् प्राधिकरणका १२९ वितरण केन्द्रअन्तर्गतका प्रशाखामा हाल ६५५ वटा महसुल सङ्कलन काउन्टर सञ्चालनमा छन् । यी काउन्टर सञ्चालनमा मात्र वार्षिक करिब रु ५९ करोड ७९ लाख खर्च हुन्छ, अर्थात् मासिक करिब रु पाँच करोड", उहाँले सामाजिक सञ्जाल फेसबुकमार्फत भन्नुभएको छ, "अझै पनि ठूलो सङ्ख्यामा नागरिक काउन्टरमै पुग्नुपर्ने अवस्थालाई अब हामी सबै मिलेर परिवर्तन गर्न सक्छौं । डिजिटल भुक्तानी गर्दा नागरिकको समय र आवतजावतको खर्च बचत हुन्छ। नगद कारोबार घट्दा वित्तीय पारदर्शिता र सुरक्षा बढ्छ। साथै, काउन्टर सञ्चालनमा लाग्ने स्रोत र जनशक्तिलाई अन्य आवश्यक ग्राहक सेवामा सदुपयोग गर्न सकिन्छ ।"

आफ्नो परिवार, इष्टमित्र, छरछिमेकी तथा आफूले चिनेका नागरिकलाई डिजिटल भुक्तानीबारे जानकारी दिन, सिकाउन प्रोत्साहित गर्न मन्त्री श्रेष्ठले अपिल गर्नुभएको हो । उहाँले सम्भव भएसम्म डिजिटल माध्यमबाट विद्युत् महसुल तिर्न सहयोग गर्न पनि अपिल गर्नुभएको छ। यो केवल डिजिटल भुक्तानी बढाउने अभियान होइन। यो नागरिकको समय बचाउने, सेवा सहज बनाउने, वित्तीय पारदर्शिता बढाउने र सार्वजनिक स्रोतको अझ प्रभावकारी सदुपयोग गर्ने साझा अभियान हो।

## चाडपर्व खर्च उपलब्ध गराउन श्रम विभागको निर्देशन

काठमाडौं। श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले श्रमिकहरूलाई अनिवार्य रूपमा 'चाडपर्व खर्च' उपलब्ध गराउन सबै रोजगारदाता तथा प्रतिष्ठानहरूलाई निर्देशन दिएको छ।

विभागले बिहीबार विज्ञप्ति जारी गर्दै उक्त ध्यानाकर्षण गराएको हो। 'श्रम ऐन, २०७४ को दफा ३७' बमोजिम प्रचलित धर्म, संस्कृति तथा परम्पराअनुसार मनाइने चाडपर्वका लागि प्रत्येक श्रमिकले खाइपाइ आएको 'एक महिनाको आधारभूत पारिश्रमिक बराबरको रकम' प्रत्येक वर्ष चाडपर्व खर्चका रूपमा पाउने कानुनी व्यवस्था रहेको छ।

विभागका उप-महानिर्देशक विपिन राजभण्डारीद्वारा जारी विज्ञप्तिमा यदि रोजगारदाता वा प्रतिष्ठानले उक्त सुविधा उपलब्ध नगराएमा सुविधा नपाउने श्रमिक वा कामदारले आफ्नो कार्यक्षेत्र पर्ने 'श्रम तथा रोजगार कार्यालय' वा 'श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग' मा उजुरी तथा निवेदन दिन सक्ने पनि उल्लेख गरिएको छ।

## दलित बालिकाका मागप्रति लुम्बिनी प्रदेश सरकार प्रतिबद्ध

*प्रत्यूष समाचारदाता*

दाङ। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले दलित बालिकाको शिक्षा, सुरक्षा, स्वास्थ्य, समानता र नेतृत्व विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

दलित महिला सङ्घ दाङको सहजीकरणमा प्रदेशका दलित बालिकाद्वारा तयार पारिएको १० बुँदे मागपत्र बुझ्दै मुख्यमन्त्री आचार्यले समाज रुपान्तरणका लागि युवाको सक्रिय सहभागिता आवश्यक रहेको बताउनुभयो । युवाले आफ्नो क्षमता अभिवृद्धि गर्दै सामाजिक विकृति र विभेद् अन्त्यको अभियानमा सक्रिय भूमिका निर्वाह गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

मुख्यमन्त्री आचार्यले बालविवाह न्यूनीकरणमा किशोर किशोरीको भूमिका महत्वपूर्ण हुने धारणा राख्नुभयो । बालविवाहका कारण शिक्षा, स्वास्थ्य र भविष्यमा पर्ने असरबारे किशोरकिशोरीले आफ्ना साथी तथा समुदायमा सचेतना फैलाउनुपर्ने उहाँको भनाइ छ। "सरकारको मात्रै पहलले बालविवाहजस्ता समस्या समाधान हुँदैनन्", उहाँले भन्नुभयो, "जनचेतना अभिवृद्धिका कार्यलाई प्राथमिकता दिनुपर्छ। विद्यालयमा पनि यस विषयमा नियमित छलफल र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न जरुरी छ ।"

मुख्यमन्त्री आचार्यले दलित समुदायको अधिकार सुनिश्चित गर्न प्रदेश सरकारले भूमिसम्बन्धी कानुन निर्माणको तयारी गरिरहेको जानकारी दिनुभयो। दलित महिला सङ्घ दाङकी अध्यक्ष युवा कराराको नेतृत्वमा आएका दलित बालिकाले मुख्यमन्त्री आचार्यलाई १० बुँदे मागपत्र बुझाएका थिए। मागपत्र मा जातीय विभेद तथा छुवाछुत अन्त्य, शिक्षा, स्वास्थ्य र सुरक्षाको सुनिश्चितता, नेतृत्व विकास, विपन्न परिवारलाई आयआर्जनमा जोड्ने कार्यक्रम, दलित बालिकाका समस्याको तथ्याङ्क सङ्कलन र त्यसका आधारमा बजेट तथा कार्यक्रम निर्माण गर्न माग गरिएको छ । त्यस्तै, प्रदेशस्तरीय बालिका मञ्च गठन गरी यसमा दलित बालिकाको अर्थपूर्ण सह-भागिता सुनिश्चित गर्न, प्राथमिक तहदेखि उच्च शिक्षासम्म निःशुल्क तथा समावेशी शिक्षा उपलब्ध गराउन, नागरिकता तथा विवाह दर्तालगायत कारण जन्मदर्ता र पहिचानबाट वञ्चित बाल-बालिकाको समस्या समाधान गर्नुपर्ने लगायतका विभिन्न प्रकारका मागहरु राखिएको बताइएको छ।

## प्रधानमन्त्री शाहको चासोपछि वायुसेवा कम्पनी भाडादर घटाउन तयार

काठमाडौं । प्रधानमन्त्री बालेन्द्र शाहको निर्देशन र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल (गनेश)को सक्रियतापछि आन्तरिक वायुसेवा कम्पनीहरू स्वीकृत भाडादरभन्दा सस्तोमा टिकट बिक्री वितरण गर्न सहमत भएका छन्।

नजिकिँदो चाडपर्वको मौका छोपेर हवाई भाडादर बढाएको भन्ने गुनासो आएपछि प्रधानमन्त्री शाहले यसबारे चासो देखाउनुभएको थियो। त्यसपछि नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले बिहीबार (हिजो नै सम्बन्धित आन्तरिक वायुसेवा कम्पनीका पदाधिकारी तथा प्रतिनिधि



सँग छलफल गरेको हो । उक्त छलफलपछि स्वीकृत भाडादरभन्दा सस्तोमा टिकट बिक्री वितरण गर्न/गराउने विषयमा वायुसेवा कम्पनीहरू सहमत भएका क्यानले जनाएको छ। क्यानका महानिर्देशक मुकेश डङ्गोलका अनुसार स्वीकृत भाडादर भन्दा सस्तोमा टिकट बिक्रीवितरण गर्ने र सो भाडादरबारे सूचना सम्बन्धित कम्पनीको बिक्री वितरण प्लेटफर्ममा प्रकाशन गर्ने सहमति भएको छ।

## अपाङ्गता रोकथामदेखि आत्मनिर्भरतासम्म एकीकृत कार्यक्रम सञ्चालन हुने

*प्रत्यूष समाचारदाता*

काठमाडौं। सरकारले अपाङ्गताको जोखिम न्यूनीकरणदेखि प्रारम्भिक पहिचान, उपचार, पुनःस्थापना, शिक्षा, सीप विकास, रोजगारी र सामाजिक समावेशीकरणसम्मका कार्यक्रमलाई एकीकृत रुपमा सञ्चालन गर्ने भएको छ ।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले 'अपाङ्गता रोकथाम तथा पुनः स्थापना साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३' मार्फत अपाङ्गता रोकथाम र पुनःस्थापनालाई तीन तहका सरकारको साझेदारीमा अघि बढाउने व्यवस्था गरेको हो । कार्यविधि अनुसार कार्यक्रम सङ्घ, प्रदेश र स्थानीय तह तथा आवश्यकताअनुसार साझेदार संस्थाको लागत र प्राविधिक साझेदारीमा सञ्चालन हुनेछ । अपाङ्गता भइसकेपछि मात्र सेवा उपलब्ध गराउनेभन्दा सम्भावित जोखिमको प्रारम्भिक चरणमै पहिचान, रोकथाम र व्यवस्थापन गर्ने अवधारणालाई कार्यक्रमले प्राथमिकता दिएको छ। कार्यक्रम अन्तर्गत गर्भवती तथा सबै उमेर समूहका व्यक्तिको स्वास्थ्य परीक्षण गरी सम्भावित अपाङ्गताको पहिचान र व्यवस्थापन गरिने मन्त्रालयले जनाएको छ । नवदम्पती तथा गर्भवतीलाई सुरक्षित मातृत्व, फोलिक एसिडको प्रयोग र अपाङ्गता रोकथामसम्बन्धी जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिने कार्यविधिमा उल्लेख छ।

त्यस्तै कार्यविधिमा राष्ट्रियस्तरमा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनका लागि सङ्घीय संयन्त्र रहनेछ । उक्त संयन्त्रले तीन तहका सरकारबीच समन्वय गर्ने, कार्यक्रमको प्रगति तथा प्रभाव समीक्षा गर्ने र कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि सुझाव दिने पनि समावेश गरिएको छ।

सङ्घ, प्रदेश र स्थानीय तह तथा इच्छुक साझेदार संस्थाले कार्यक्रम सञ्चालनमा लागत तथा प्राविधिक साझेदारी गर्न सक्ने पनि कार्यविधिमा समेटिएको छ । सरकारले अपाङ्गता रोकथाम र पुनःस्थापनालाई छुट्टाछुट्टै सेवाका रूपमा नभई स्वास्थ्य, शिक्षा, सहायक सामग्री, सीप, रोजगारी, सामाजिक सुरक्षा र अधिकारसँग जोडिएको एकीकृत प्रणालीका रूपमा विकास गर्ने उद्देश्यले कार्यविधि अघि बढाएको पनि मन्त्रालयले जनाएको छ।

## सम्पादकीय ....

# लोकतन्त्रमा लोकतान्त्रिक संस्कार जरुरी

लोकतन्त्रको वास्तविक परीक्षा संविधानका पाना, निर्वाचनका प्रक्रिया वा राजनीतिक भाषणमा मात्र हुँदैन, यसको परीक्षा नागरिकको घरदैलो र दैनिक जीवनमा हुन्छ। संविधानमा अधिकार सुनिश्चित हुनु महत्वपूर्ण उपलब्धि हो, तर ती अधिकार नागरिकले व्यवहारमा अनुभूति गर्न सकेनन् भने लोकतन्त्र अपूर्ण रहन्छ। सामान्य नागरिकले सरकारी सेवा लिन पहुँच र चिनजान खोज्न नपर्ने, युवाले भविष्य बनाउन विदेशिनैपर्ने बाध्यता नहुने, किसानले उत्पादनको उचित मूल्य पाउने, उद्यमीले निष्पक्ष वातावरणमा व्यवसाय गर्न सक्ने र कमजोर तथा सीमान्तकृत समुदायले राज्य आफ्नो साथमा रहेको अनुभूति गर्ने अवस्था निर्माण हुँदा मात्रै लोकतन्त्रको वास्तविक अर्थ स्थापित हुन्छ।

नेपालको लोकतान्त्रिक यात्राले महत्वपूर्ण उपलब्धि दिएको तथ्यलाई नजरअन्दाज गर्न मिल्दैन। राजनीतिक अधिकार विस्तार भएका छन्, मौलिक अधिकार संस्थागत भएका छन् र समावेशिता, सामाजिक न्याय, समानता तथा लैङ्गिक सहभागिताका विषय राज्य सञ्चालनको मूल बहसमा आएका छन्। सडक, सञ्चार, शिक्षा, स्वास्थ्य, विद्युत् र प्रविधिको पहुँच विस्तार भएको छ। सङ्घीय संरचनाले राज्यलाई नागरिकको नजिक पुऱ्याउने आधारसमेत तयार गरेको छ। तर उपलब्धिको सूची लामो हुनु र नागरिक सन्तुष्ट हुनु एउटै कुरा होइन। नागरिकले संविधानमा लेखिएका अधिकारभन्दा आफ्नो जीवनमा त्यसको परिणाम खोज्छन्।

यहीँबाट लोकतन्त्रको अर्को महत्वपूर्ण चुनौती सुरु हुन्छ–राजनीतिक परिवर्तनलाई लोकतान्त्रिक संस्कारमा रूपान्तरण गर्ने। व्यवस्था परिवर्तनका लागि देखाइएको त्याग, साहस र प्रतिबद्धता शासन सञ्चालनमा पनि प्रतिबिम्बित हुनुपर्छ। संस्था निर्माण गरेर मात्र पुग्दैन, संस्थागत संस्कार पनि निर्माण हुनुपर्छ। अधिकारको कुरा गर्दा उत्तरदायित्व बिर्सनु हुँदैन। लोकतन्त्रलाई राजनीतिक प्रणालीमा मात्र सीमित नगरी सार्वजनिक व्यवहार र जीवनशैलीमा उतार्न आवश्यक छ।

लोकतन्त्रको बलियो आधार नैतिकता, पारदर्शिता र जवाफदेहिता हो। सार्वजनिक पद व्यक्तिगत सुविधा, शक्ति प्रदर्शन वा प्रभाव विस्तार गर्ने माध्यम होइन; त्यो नागरिकले दिएको विश्वासको जिम्मेवारी हो। सार्वजनिक निर्णयमा पारदर्शिता कमजोर हुँदा, स्वार्थ हावी हुँदा वा भ्रष्टाचारप्रति सहनशीलता बढ्दा क्षति राज्यकोषमा मात्रै हुँदैन, नागरिकको विश्वासमा समेत गम्भीर चोट पुग्छ। राज्यप्रतिको विश्वास कमजोर हुँदै जानु लोकतान्त्रिक व्यवस्थाका लागि ठूलो चुनौती हो।

त्यसैले भ्रष्टाचार नियन्त्रणलाई कानुनी कारबाहीमा मात्र सीमित गरेर पुग्दैन। राजनीतिक नेतृत्वमा इच्छाशक्ति, प्रशासनमा सदाचार, संस्थामा पारदर्शिता र समाजमा उत्तरदायित्वको संस्कार आवश्यक छ। लोकतन्त्रलाई बलियो बनाउने सबैभन्दा प्रभावकारी उपाय लोकतन्त्रकै मूल्य र मर्यादाअनुसार शासन सञ्चालन गर्नु हो। नागरिकले व्यवस्था बदलिएपछि व्यवहार पनि बदलिएको अनुभव गर्न सक्ने वातावरण निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ –३, धादिङबेसी,**
**फोन ०१०–५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# बजेटको आकार बढ्छ, आम्दानी बढ्दैन

*टिकाराम सुनार*

सुदूरपश्चिम प्रदेशको बजेटको आकार बर्सेनि बढ्दै गएको छ तर बजेटलाई आफ्नै आम्दानीले धान्ने क्षमता भने बढ्न सकेको छैन। प्रदेश सरकारले हालसम्म रु ३६ अर्बभन्दा बढीको बजेट ल्याइसकेको छ तर आन्तरिक राजस्व भने हालसम्म रु दुई अर्बको सीमाभन्दा तल छ। बजेट ठूलो हुँदै जाने तर आफ्नै आम्दानीको आधार साँघुरै रहने यो अवस्थाले प्रदेशको वित्तीय स्वायत्ततामाथि प्रश्न उठाएको छ।

पछिल्ला छ आर्थिक वर्षको तथ्याङ्कले पनि यही अवस्था देखाउँछ। यस अवधिमा आर्थिक वर्ष २०७७/७८ मा रु ३४ अर्ब ६४ करोड ५० लाखको बजेट विनियोजन हुँदा आन्तरिक राजस्व रु एक अर्ब २९ करोड ४५ लाख तीन हजार थियो। यस्तै, आव २०७८/७९ मा रु ३१ अर्ब ८५ करोड ३७ लाखको बजेट हुँदा आन्तरिक राजस्व रु ९२ करोड ३० लाख ६४ हजार थियो। आव २०७९/८० मा बजेटको आकार बढेर रु ३६ अर्ब ८३ करोड ३९ लाख पुग्दा आन्तरिक राजस्व करिब रु एक अर्ब ३६ करोड रह्यो। आव २०८०/८१ मा रु ३३ अर्ब ४७ करोड ६० लाखको बजेटमा आन्तरिक राजस्व रु एक अर्ब २५ करोड १६ लाख ७३ हजार, आव २०८१/८२ मा रु एक अर्ब ५६ करोड १४ लाख ७३ हजार र आव २०८२/८३ मा रु एक अर्ब ६५ करोडमा सीमित रहेको आर्थिक मामिला मन्त्रालयको विवरणमा उल्लेख छ।

यस्तै, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची–२ मा प्रदेशले सङ्कलन गर्ने कर तथा गैरकर शीर्षकबाट रकम सङ्कलन गरिने व्यवस्था छ। प्रदेश सरकारले कानुनबमोजिम घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर, विज्ञापन कर र कृषि आयमा कर उठाउन पाउने व्यवस्था छ।

कृषि आयमा कर प्रदेशको आफ्नै अधिकार हो भने घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन, मनोरञ्जन र विज्ञापन करजस्ता स्रोतमा प्रदेश र स्थानीय तहको अधिकार जोडिएकाले कानुन बमोजिम बाँडफाँट वा एकल कर प्रशासन मार्फत राजस्व सङ्कलन हुँदै आएको छ। यसबाहेक राजस्व बाँडफाँट, रोयल्टीलगायत स्रोतबाट पनि प्रदेशले रकम प्राप्त गर्दै आएको छ, तर यी स्रोतको विस्तार प्रदेशको बढ्दो बजेट आवश्यकतासँग समान गतिमा हुन सकेको छैन।

### अनुदानमा निर्भर प्रदेश वित्त

सुदूरपश्चिम प्रदेशको बजेट संरचनामा सङ्घीय सरकारबाट प्राप्त हुने अनुदानको हिस्सा ठूलो छ। प्रदेश स्थापनादेखि नै समानीकरण, ससर्त, समपूरक र विशेष अनुदान प्रदेशको बजेटको महत्वपूर्ण आधार बन्दै आएका छन्। आव २०७७/७८ देखि २०८२/८३ सम्मको विवरण हेर्दा प्रदेशले सङ्घीय सरकारबाट वार्षिक करिब रु १४ अर्बदेखि रु १७ अर्बसम्म अनुदान प्राप्त गरेको देखिन्छ। आव २०७९/८० मा सबैभन्दा बढी रु १७ अर्ब ५५ करोड ८३ लाख सङ्घीय अनुदान प्राप्त भएको थियो भने आव २०८१/८२ मा सबैभन्दा कम रु १३ अर्ब ८७ करोड ११ लाख प्राप्त भएको थियो।

आव २०७७/७८ मा प्रदेशको कुल बजेट रु ३४ अर्ब ६४ करोड ५० लाख रहेकामा सङ्घीय अनुदान रु १४ अर्ब २३ करोड ७१ लाख थियो। त्यस वर्ष प्रदेश स्रोत रु २० अर्ब ४० करोड ७८ लाख रहेको थियो। प्रदेश स्रोतको हिस्सा खुद विनियोजनको करिब ५८.९१ प्रतिशत थियो। त्यसैगरी आव २०७८/७९ मा सङ्घीय अनुदान रु १४ अर्ब ६० करोड ४८ लाख र प्रदेश स्रोत रु १६ अर्ब ८७ करोड ८ लाख रहेको थियो। आव २०७९/८० मा सङ्घीय अनुदान बढेर रु १७ अर्ब ५५ करोड ८३ लाख पुग्दा प्रदेश स्रोत रु १९ अर्ब २७ करोड ५६ लाख रहेको थियो।

आव २०८०/८१ मा सङ्घीय अनुदान घटेर रु १४ अर्ब ४२ करोड १९ लाखमा झर्दा प्रदेश स्रोत रु १४ अर्ब ८६ करोड ४७ लाख रहेको थियो। आव २०८१/८२ मा सङ्घीय अनुदान रु १३ अर्ब ८७ करोड ११ लाख भए पनि प्रदेश स्रोत रु १७ अर्ब ७९ करोड ५६ लाख पुगेको थियो। आव २०८२/८३ मा सङ्घीय अनुदान रु १४ अर्ब २० करोड ७२ लाख र प्रदेश स्रोत रु १९ अर्ब २६ करोड ८८ लाख रहेको छ।

प्रदेशको 'आफ्नो स्रोत' भनेर देखाइने रकममा पनि आन्तरिक राजस्व मात्र पर्दैन। राजस्व बाँडफाँट, रोयल्टी तथा अन्य स्रोतसमेत जोडिन्छन्। त्यसैले बजेटमा प्रदेश स्रोतको हिस्सा ठूलो देखिए पनि प्रदेशभित्रै उठ्ने कर तथा गैरकर राजस्वको वास्तविक योगदान भने निकै सानो छ।

सङ्घीय अनुदानसँगै प्रदेश सरकारले आफ्नै क्षेत्रभित्रका स्थानीय तहलाई समेत विभिन्न शीर्षकमा अनुदान हस्तान्तरण गर्दै आएको छ। आव २०७७/७८ मा स्थानीय तहलाई रु दुई अर्ब ८२ करोड ९१ लाख, आव २०७८/७९ मा रु दुई अर्ब ३२ करोड १६ लाख, आव २०७९/८० मा रु एक अर्ब ४७ करोड ८५ लाख तथा आव २०८०/८१ मा रु दुई अर्ब ३४ करोड ७६ लाख हस्तान्तरण गरिएको थियो। आव २०८१/८२ मा यस्तो रकम रु तीन अर्ब ६४ करोड ४७ लाख र आव २०८२/८३ मा रु तीन अर्ब ४२ करोड ७७ लाख रहेको छ।

सुदूरपश्चिममा राजस्वको आधार विस्तार गर्ने सम्भावना नभएको होइन। धार्मिक तथा पर्यटकीय गन्तव्य, होटल, होमस्टे तथा साहसिक पर्यटनको विस्तारले सेवा क्षेत्रको गतिविधि बढाउन सक्छ। कृषि उत्पादनलाई कच्चा पदार्थकै रूपमा बाहिर पठाउनुको सट्टा प्रदेशभित्रै प्रशोधन, प्याकेजिङ र ब्रान्डिङ गर्नसके उद्योग र व्यवसायको आधार विस्तार हुने जानकारहरु बताउँछन्। यस्तै, वन तथा जडीबुटी, जलस्रोत तथा ऊर्जा, उद्योग र सेवा क्षेत्रलाई व्यवस्थित रूपमा विस्तार गर्न सके प्रदेशको आफ्नै आम्दानी बढाउन सकिने अर्थव्यवस्थाका जानकारहरुको तर्क छ।

उहाँ केन्द्रकै भर पर्नुपर्दा प्रदेशको वित्तीय स्वायत्तता थप सीमित हुँदै जाने जोखिम रहेकाले अब आम्दानी बढाउन स्पट नीति आवश्यक रहेको बताउनुहुन्छ। "संविधान र कानुनले तोकेअनुसार स्रोत विस्तारका लागि ठोस योजना बनाउनुपऱ्यो। प्राकृतिक तथा धार्मिक पर्यटन, कृषि तथा कृषि प्रशोधन गरेर उद्योग र सेवा क्षेत्रलाई राजस्वसँग जोड्न सकिन्छ। कच्चा पदार्थ बाहिर पठाउनेभन्दा प्रदेशभित्रै प्रशोधन र मूल्य अभिवृद्धि गर्न सके आर्थिक गतिविधि र राजस्व दुवै बढ्छ। यस्तै धार्मिक पर्यटन लक्षित गोदावरीधाम, नदी सरोबर, चिडियाखानासहितका मनोरञ्जन पार्कको विस्तार कार्य तत्काल सुरु गर्न सकिन्छ", उहाँको सुझाव छ।

उद्योग वाणिज्य महासङ्घ सुदूरपश्चिमका अध्यक्ष पुष्पराज कुँवर पनि राजस्वको आधार फराकिलो बनाउन उत्पादन, लगानी र व्यवसाय विस्तार आवश्यक रहेको बताउनुहुन्छ। साथै, एउटै आर्थिक गतिविधिमा तीन तहका सरकारले राजश्व उठाउनेभन्दा अधिकार र असुलीको स्पष्टता आवश्यक रहेको उहाँको भनाइ छ। अध्यक्ष कुवँर भन्नुहुन्छ,"हाल विभिन्न नामका करबाट थिचिनुपर्ने अवस्था छ। त्यसैले कर प्रशासन सुधार र लगानीमैत्री वातावरण बनाउन, आर्थिक गतिविधि व्यवस्थित गर्न तथा उत्पादनमूलक क्षेत्रमा लगानी विस्तारका लागि सहजीकरणको आवश्यकता छ। नदीजन्य पदार्थ, विज्ञापन, पर्यटन, मनोरञ्जन, व्यवसाय तथा प्राकृतिक स्रोतजस्ता क्षेत्रमा अधिकार र बाँडफाँट स्पष्ट बनाउन आवश्यक छ।" वन तथा जडीबुटी पनि प्रदेशको अर्को महत्वपूर्ण सम्भावनाको क्षेत्र हो। सामुदायिक वन उपभोक्ता राष्ट्रिय महासङ्घ, नेपाल (एन–फेकोफन)का केन्द्रीय महासचिव डण्डिराज सुवेदी काष्ठ तथा गैरकाष्ठ वन पैदावारको उत्पादन, प्रशोधन र बजारीकरण गर्न सके सुदूरपश्चिमले ठूलो लाभ लिनसक्ने बताउनुहुन्छ।

"हाम्रो सबलता भनेकै प्राकृतिक स्रोत तथा धार्मिक सम्पदा हो। हाल करिब ५४ प्रतिशत वन क्षेत्र छ, त्यसको दिगो उपयोग, दिगो वन व्यवस्थापन नीति कार्यान्वयन र उत्पादनमूलक क्षेत्रमा निजी लगानी आकर्षित गर्ने अवसर छन्", उहाँ भन्नुहुन्छ, "त्यसबारेको सोच नै स्पष्ट छैन।

राजस्व बढाउने नाममा करको दर मात्रै बढाउने प्रवृत्ति छ, तर कर तिर्ने आर्थिक गतिविधिको आधार विस्तार गर्नु दीर्घकालीन रूपमा प्रभावकारी हुन्छ। यसतर्फ सोचौं।" आर्थिक मामिला मन्त्रालयका सचिव राजेन्द्रकुमार हमाल संविधानले सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकार तथा स्रोत बाँडफाँटको स्पष्ट आधार दिए पनि त्यसको कार्यान्वयनमा अझै जटिलता रहेको बताउनुहुन्छ। राजस्व सुधारका लागि प्रदेश राजस्वसम्बन्धी एकीकृत कानुन निर्माण, तीन तहबीच कराधिकारमा स्पष्टता, करको दायरा विस्तार र चुहावट नियन्त्रणमा सबै पक्ष जिम्मेवार बन्नुपर्ने आवश्यकता रहेको उहाँ बताउनुहुन्छ। "आन्तरिक स्रोत बढाउने कुरा त छँदैछ, सङ्घ सरकारबाट पाउने स्रोत पनि न्यायोचित भइरहेको छैन।

यसका साथ साथै वित्तीय संघीयता सफल बनाउन प्रदेश र स्थानीय तहलाई स्रोत र जिम्मेवारी दुवै व्यवस्थापन गर्न सक्ने क्षमता आवश्यक छ। आफ्नै स्रोतबाट राजस्व बढाउने क्षमता विकास नगरी सङ्घीय अनुदानमा मात्र निर्भर रहँदा वित्तीय स्वायत्तता र जवाफ देहिता दुवै कमजोर हुनेमा सरोकार भएका पक्षले आवाज उठाउँदै आएका छन्।

## कृत्रिम बुद्धिमत्ता (AI) को उचित प्रयोग गरौं

- **कृत्रिम बुद्धिमत्ताको प्रयोग मानव हित, नैतिकता र कानुनी व्यवस्था अनुसार गरौं,**
- **कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं,**
- **व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं,**
- **कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचारप्रसार नगरौं,**
- **शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं,**
- **डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं,**
- **मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं।**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

# लागुऔषधसहित २५ जना पक्राउ

प्रत्यूष समाचारदाता

काठमाडौँ । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न स्थानबाट लागुऔषधसहित २५ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार ललितपुर महानगर पालिका–४ नक्खु दोबाटोबाट दुई, धादिङको गजुरी गाउँपालिका–२ चाम्वासबाट एक, सिरहा नगर पालिका–२१ पिपरा टोलबाट दुई, झापाको दमक नगरपालिका–१ मामाचोकस्थित खोटाङ होटलबाट चार र सप्तरीको बोदेबरसाइन नगरपालिका–५ बाट दुई जना पक्राउ परेका छन् । त्यसैगरी, बर्दिया जिल्लाको बढैयाताल गाउँपालिका–२ जमुनी बजारबाट दुई, मोरङको विराटनगर महानगर पालिका–११ अल्का मार्गबाट तीन, कास्कीको पोखरा महानगरपालिका–३ नदीपुर बाट एक, सुनसरीको इटहरी उपमहानगर पालिका–१९ अमाहा चोकबाट एक र बराहक्षेत्र नगरपालिका–३ नयाँबस्तीबाट तीन, मकवानपुरको हेटौँडा उपमहानगर पालिका–११ सागरपथबाट दुई तथा सुर्खेत, वीरेन्द्रनगर नगरपालिका–११ बाट दुई जना पक्राउ परेका प्रहरीले जनाएको छ । प्रहरीले उनीहरुका साथबाट लागुऔषध खैरोहेरोइन र गाँजा तथा चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने नाइट्राजेपाम बरामद गरेको छ ।

# हामी निर्वाचनको आन्तरिक तयारीमै छौँ : प्रमुख निर्वाचन आयुक्त कार्की

काठमाडौँ । प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीले निर्वाचन आयोग स्थानीय तहको आगामी निर्वाचनको आन्तरिक तयारीमै रहेको बताउनुभएको छ ।

राष्ट्रिय समाचार समिति, राससको प्रतिनिधिमण्डससँग बिहीबार निर्वाचन आयोगमा भएको अनौपचारिक कुराकानीका क्रममा उहाँले भन्नुभयो, “हामी आगामी निर्वाचनको तयारीमै छौँ, त्यसो त आयोग सदैव निर्वाचनको तायरीमा रहन्छ नै । निर्वाचनको मिति सरकारले तोक्ने हो, यसरी तोकिएको मितिमा निष्पक्ष एवं विवादरहित ढङ्गबाट निर्वाचन सम्पन्न गर्ने दायित्व आयोगको हो, त्यसमा हामी प्रतिबद्ध छौँ ।” स्थानीय तहको आगामी निर्वाचन फागुनमा नै गर्नेगरी सरकार अघि बढेको भन्ने समाचार पनि आएको छ नी भन्ने प्रश्नमा उहाँको भनाइ थियो, “मितिका बारेमा अहिले नै आयोगले भन्ने कुरा भएन ।

हाम्रो संवैधानिक प्रावधान अनुरुप आयोगसमेतको परामर्शमा सरकारले मिति घोषणा गर्ने हो । तर, लामो समयसम्म स्थानीय निकाय खाली राख्नुहुन्न भन्ने पक्षमा छौँ । त्यसैअनुसार हाम्रो तयारी पनि भइरहेको छ ।” आगामी वैशाखमा स्थानीय तहको कार्यकाल सकिने भएकाले त्यसको वरपर रहनेगरी र संवैधानिक व्यवस्थाअनुसार नै निर्वाचन हुने उहाँको भनाइ थियो । स्थानीय तह र प्रदेशको निर्वाचन एकैसाथ गर्नेगरी आयोगले तयारी थालेको हो भन्ने प्रश्नमा उहाँको भनाइ थियो, “हाम्रो संवैधानिक संरचना र कानुनी प्रावधानअनुरुप नै निर्वाचन हुने हो । त्यसमा हाम्रो आवश्यकताको पनि कुरा छ । त्यसैले अहिले नै चुनाव एकैसाथ हुन्छ भनेर भन्न सकिँदैन । सरकारले मिति घोषणा गरेअनुसार नै हामीले काम गर्ने हो ।”

संचारकर्मीहरुले विगतका निर्वाचनमा सकारात्मक एवं निर्वाचनमैत्री माहोल सिर्जना गर्न सशक्त एवं नेतृत्वदायी भूमिका निर्वाह गरेको भन्ने विषय जानकारीमा रहेको उल्लेख गर्नुहुँदै प्रमुख निर्वाचन आयुक्त कार्कीले आगामी दिनमा पनि रासससँग सहकार्य गर्न आयोग तयार रहेको स्पष्ट गर्नुभयो ।

# आन्दोलनरत चिकित्सकसँग शिक्षा मन्त्रालयको छलफल

काठमाडौँ । वीरगन्ज स्थित नेशनल मेडिकल कलेजका रेजिडेन्ट चिकित्सकहरूले आफूहरूले भोग्दै आएका समस्या समाधानका लागि सरकारसँग विशेष पहल गर्न आग्रह गरेका छन् ।

विगत २४ दिनदेखि नै निरन्तर रुपमा आन्दोलनरत रेजिडेन्ट चिकित्सकहरूले मङ्गलबार सिंहदरबारस्थित शिक्षा तथा खेलकुद मन्त्रालय पुगेर आफ्ना गुनासा र माग प्रस्तुत गरेका हुन् ।

मन्त्रालयमा आयोजित छलफलमा पहिलो वर्षमा अध्ययनरत ४० भन्दाबढी रेजिडेन्ट चिकित्सक ले कलेजमा अध्ययन तथा काम गर्ने क्रममा भोग्दै आएका समस्या मन्त्रालयका उच्च अधिकारीसमक्ष राखेका थिए । रेजिडेन्ट चिकित्सकले कलेज व्यवस्थापनबाट विद्यार्थीलाई अनावश्यक दबाब दिइएको र अध्ययनका लागि आवश्यक शैक्षिक वातावरण नरहेको आरोप लगाएका छन् । उनीहरूले कलेजमा शान्तिपूर्ण र मर्यादित वातावरण निर्माण गरी अध्ययनमा फर्कने अवस्था बनाउन सरकारसँग आग्रह गरेका छन् ।

छलफलमा शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झासहित मन्त्रालयका उच्च अधिकारी सहभागी भएका थिए । रेजिडेन्ट चिकित्सकले आफूहरू सरकारप्रति आशावादी रहेकाले समस्या समाधान को पहलका लागि मन्त्रालयसम्म आएको बताएका छन् । “यो सरकारसँग आशा छ, त्यही भएर यहाँसम्म आएका हौँ,” उहाँहरूले भन्नुभयो । निजी मेडिकल कलेजमा ‘फेक फाइल’ र ‘फेक फ्याकल्टी’ रहेको दाबी गर्दै त्यसबारे छानबिन गर्न चिकित्सकले माग गरेका छन् । त्यस्ता गतिविधिमा संलग्न चिकित्सक तथा सम्बन्धित व्यक्ति माथि आवश्यक कारबाही गर्नुपर्ने उहाँहरूको माग छ । आन्दोलनरत चिकित्सकले कलेजमा तत्काल फर्किएर अध्ययन गर्ने वातावरण नरहेको बताएका छन् । समस्या सम्बोधन नभएसम्म आन्दोलन जारी रहने उहाँहरुको भनाइ छ ।

मन्त्रालयले रेजिडेन्ट चिकित्सकले उठाएका विषयमा आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएको छ । शिक्षामन्त्रीका प्रमुख सल्लाहकार झाले रेजिडेन्ट चिकित्सकका वास्तविक समस्या जान्ने उद्देश्यले छलफल गरिएको बताउनुभयो । “यो विषयमा सरकार गम्भीर छ । शिक्षामन्त्रीले पनि गम्भीरता पूर्वक यसलाई हेर्नुभएको छ । हामी यथाशिघ्र यसलाई सम्बोधन गर्छौं,’ उहाँले भन्नुभयो । कलेजमा देखिएका समस्या समाधानका लागि सम्बन्धित पक्षसँग समन्वय गरी आवश्यक कदम चाल्ने विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ ।

रेजिडेन्ट चिकित्सकले भने सरकार को पहलबाट आफूहरूको समस्या समाधान हुने र कलेजमा पुनः शान्तिपूर्ण रूपमा अध्ययन गर्ने वातावरण बन्ने अपेक्षा गरेका छन् । त्यस्तै, चिकित्सा शिक्षा आयोगका उप सचिव रामचन्द्र शर्माले विद्यार्थीको समस्यालाई लिएर आयोग गम्भीर रहेको र यसको समाधानका लागि आवश्यक पहल गर्ने बताउनुभएको छ ।

# सामुदायिक विद्यालयमा इन्टरनेट पहुँच ८५ प्रतिशतभन्दा बढी

काठमाडौँ । मुलुकभर सञ्चालित सामुदायिक विद्यालयमध्ये ८५ दशमलव ४ प्रतिशतमा इन्टरनेट सुविधा पुगेको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयका अनुसार सामुदायिक विद्यालयमध्ये ८५ दशमलव ४ प्रतिशतमा इन्टरनेट सुविधा पुगेको हो । यस्तै, २९ दशमलव ६ प्रतिशत सामुदायिक विद्यालयमा सूचना प्रविधि (आइटी तथा आइसिटी) प्रयोगशाला विस्तार भएको छ । विसं २०७७ देखि सञ्चालित ‘राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम’ अन्तर्गत चार हजार छ सय आठ विद्यालयमा सूचना प्रविधि प्रयोग-शाला (आइसिटी ल्याब) निर्माण भएको मन्त्रालयले जनाएको छ । विद्यालयमा वैकल्पिक स्रोतबाट ६९ दशमलव ६ प्रतिशत विद्युत् पहुँच पुगेको छ । मुलुकभर धार्मिक प्रकृतिका विद्यालय समेत गरी ३५ हजार नौ सय ५१ विद्यालय सञ्चालनमा छन् । तीमध्ये २७ हजार १० सामुदायिक विद्यालय छन् । विद्यालय पूर्वाधारतर्फ २०७२ को भूकम्पपछिको पुनर्निर्माणअन्तर्गत सात हजार छ सय ६७ विद्यालयको निर्माण सम्पन्न भएको छ भने थप १४ विद्यालय निर्माणाधीन छन् । पश्चिम नेपालमा भूकम्पबाट क्षतिग्रस्त विद्यालयमध्ये सरकार तथा विभिन्न विकास साझेदारको सहयोगमा दुई सय १६ विद्यालयको पुनर्निर्माण भइरहेका मन्त्रालयले जनाएको छ ।

दुई हजारभन्दा बढी विद्यार्थी भएका ३६ विद्यालयमा थप पूर्वाधार विकास अन्तर्गत १२ कोठे भवन निर्माण भइरहेका छन् ।

# मालारानीमा सामूहिक बजारीकरणले बाख्रापालनमा किसानको आकर्षण

अर्घाखाँची । मालारानी गाउँपालिका का कृषक खसीबोका उत्पादनसँगै सामूहिक बजारीकरणतर्फ आकर्षित भएका छन् ।

गाउँपालिकाले बाखापालन बाट उत्पादन हुने खसीबोकाको बजारीकरणमा प्रतिकेजी ३० रुपैयाँ अनुदान प्राप्त हुने भएपछि मालारानीका कृषक बाखापालनप्रति थप उत्साहित भएका हुन् ।

कृषकले उत्पादन गरेको खसीबोका बिक्री गर्दा वास्तविक जिउँदो तौलका आधारमा मूल्य प्राप्त गर्ने, गाउँमै व्यापारी पुग्ने र पालिकाबाट थप अनुदानसमेत प्राप्त हुने भएपछि बाखापालनलाई आम्दानीको भरपर्दो माध्यम बनाउन सकिने कृषकको विश्वास छ ।

मालारानी गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोग तथा ग्रामीण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्र नेपाल अर्घाखाँचीको सहजीकरणमा सञ्चालन भइरहेको ‘मालारानी कृषि तथा पशु उद्यमशीलता विकास परियोजना’अन्तर्गत कृषकले उत्पादन गरेका खसीबोकाको बजारीकरणमा उक्त व्यवस्था गरिएको हो । उत्पादनमा मात्रै नभई उत्पादित खसीबोकाको उचित मूल्यमा बिक्री तथा बजारीकरणमा सहजीकरण गरेपछि कृषकलाई बाखापालन बाट आम्दानी गर्ने वातावरण सहज बन्दै गएको हो ।

मालारानी गाउँपालिकाकी उपाध्यक्ष दीपा पोखेलकाका अनुसार कृषकले बिक्री गर्नुअघि सम्बन्धित सहकारीका सदस्यको रोहबरमा खसीबोकाको जिउँदै तौल गरिन्छ ।

तौलका आधारमा मूल्य निर्धारण गरी खसीबोका बिक्री गर्ने र सोही तौलका आधारमा गाउँ पालिकाले प्रतिकेजी ३० रुपैयाँ अनुदान उपलब्ध गराउने व्यवस्था छ । गाउँपालिका–३ खनदहकी कृषक लक्ष्मी चुदालीले हुर्काएको एउटा बोका सामूहिक बजारीकरणका लागि ल्याइन् । तौल गर्दा बोकाको तौल ७५ किलो पुगेको थियो । निर्धारित मूल्यअनुसार ७५ किलोको उक्त बोकाको मूल्य ४६ हजार ८७५ रुपैयाँ पुगेको चुदालीले बताउनुभयो । एउटै बोकाबाट करिब ४७ हजार रुपैयाँ आम्दानी हुने भएपछि उहाँ खुसी हुनुभयो । यसमा पालिकाले थप ७५ केजीको प्रतिकेजीको ३० रुपैयाँ अनुदान दिँदा झण्डै ५० हजारको बोकाको मूल्य पुग्नेछ ।

गाउँका विभिन्न घरमा रहेका खसीबोका एक ठाउँमा जम्मा गरी जिउँदो तौल गरिन्छ र तौल तथा निर्धारित मूल्यका आधारमा व्यापारीलाई बिक्री गर्ने व्यवस्था मिलाइएको छ ।

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

(सुचना प्रकाशन मिति २०८३/०६/२३)

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम : धादिङ्गवेशी शाखा, धादिङ्ग**

| क्र. सं. | कर्जा ग्राहक/प्रोपाइटर को नाम | ठेगाना | बाजे/ससुराको नाम | ग्राहक को पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८३/६/२१ सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा/ व्यक्तिगत जमानत दिनेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ओम श्री जय कृषि तथा पशुपंक्षी फर्म (प्रो.सिता श्रेष्ठ) | निलकण्ठ न.पा.४, धादिङ्ग | लिला बहादुर श्रेष्ठ | राम बहादुर श्रेष्ठ | सरल कृषि कर्जा | २०,००,००० | १,६४,८२१ | २१,६४,८२१ | राम बहादुर श्रेष्ठ | |

कृषि विकास बैंक लि.
बागमती प्रदेश कार्यालय बिरेन्द्रनगर, चितवन

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

(सुचना प्रकाशन मिति २०८३/०६/२३)

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालय : खानिखोला शाखा, धादिङ्ग**

| क्र. सं. | कर्जा ग्राहकको नाम | मिसिल नं. | ठेगाना | ग्राहकको पिता/पतिको नाम | ग्राहकको बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | २०८३।०६।२१ सम्मको ब्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा दिने/ जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मान बहादुर तामाङ | ३८७४ | थाके गा.पा. ४, धादिङ | विर बहादुर तामाङ | हर्क मान तामाङ | घरायसी कर्जा | १६,५०,०००.०० | ७१,१३३.४३ | १७,२१,१३३.४४ | मंगली तामाङ, देवचन्द्र |
| २ | निलम कुमारी | ३८८८ | हरीयानी–८, धनुषा (हाल धुनीबेशी–८, धादिङ्ग) | रामनाथ शाह/ प्रेम चन्द्र शाह | तपेश्वर शाह | घर खरीद कर्जा | ३४,८८,८६०.२८ | ३४०,४४४.०९ | ३८,२९,३०४.३७ | प्रेम चन्द्र शाह |

कृषि विकास बैंक लि.
बागमती प्रदेश कार्यालय बिरेन्द्रनगर, चितवन

# एभरेष्टको अन्तर्राष्ट्रिय एआई सम्मेलन

काठमाडौं। आर्टिफिसियल इन्टेलिजेन्स (एआई) तथा कम्प्युटेसनल साइन्स एन्ड इन्जिनियरिङ सम्बन्धी अन्तराष्ट्रिय सम्मेलन २०२६) काठमाडौंमा बिहीबार सम्पन्न भएको छ। एभरेस्ट इन्जिनियरिङ कलेजको आयोजनामा तथा हिमालयन इन्स्टिच्युट अफ साइन्स एन्ड टेक्नोलोजीको सह आयोजनामा बुधबार बुढानीलकण्ठमा सम्पन्न भएको सम्मेलनको प्रमुख आतिथि बागमती विश्वविद्यालयका अध्यक्ष प्रा.डा. चन्द्र मणि पौडेल रहनुभएको थियो । सम्मेलनका सदस्य सचिव सहप्राध्यापक इन्जिनियर राजन लामा तथा सह-आयोजकका तर्फबाट इन्जिनियर चर्चित नगिलाले उपस्थित सबैलाई स्वागत गर्नुभएको थियो। इन्जिनियर प्रकृति गिरी र इन्जिनियर जस्मी खड्काले संयुक्त रूपमा उद्घोषण गरेको सम्मेलनको उद्घाटन सत्रमा अनुसन्धान पत्रहरूको निचोड अनावरण गरिएको थियो ।

सम्मेलनको उद्घाटन खुला सत्रका अध्यक्ष नवराज पाण्डे, क्यानका प्रतिनिधि, आइइइ महिला इन्जिनियरिङका अध्यक्ष डा. प्रतिमा प्रधान, अन्तर्राष्ट्रिय प्रतिनिधि तथा आयोजक संस्थाका पदाधिकारी ले नेपालमा एआई र कम्प्युटेसनल साइन्स तथा इन्जिनियरिङको विकास र सम्भावनाबारे मन्तव्य दिएका थिए ।

सम्मेलनमा नाइजेरियाको युनिभर्सिटी अफ एग्रिकल्चरका प्रोफेसर डा. डेनियल ओलुवासेगुन एडम्स, लिथुआनियाका प्रोफेसर डा. अदिबायो अबायोमी-अल्ली, दक्षिण कोरियाका प्रोफेसर डा. क्युङ वाई. बे र अस्ट्रेलियाको युनिभर्सिटि अफ टेक्नोलोजि सिड्नीका डा. सोजेन प्रधानले मुख्य वक्ताका रूपमा कार्यपत्र प्रस्तुत गरे ।

नेपाली र अन्य देशका विदेशी विज्ञ गरी २२० जनाले भाग लिएको सम्मेलनमा चार समानान्तर प्राविधिक सत्र सञ्चालन गरी एआई, कम्प्युटेसनल साइन्स तथा इन्जिनियरिङ सँग सम्बन्धित विभिन्न विषयमा ३९ वटा अनुसन्धान पत्रहरू प्रस्तुत गरिएको थियो। समानान्तर प्राविधिक सत्रहरूको अध्यक्षता विषय विज्ञहरू डा. विपुन मान पाटी, नेपाल इन्जिनियरिङ कलेजका डा. तुसिता चाँदनी शाही, नेपाल टेलिकमका डा. कमल लामिछाने तथा एभरेस्ट इन्जिनियरिङ कलेजका डा. सुनिल चौधरीले गरेका थिए। सम्मेलनलाई विभिन्न संस्था तथा निकायहरूबाट



प्राविधिक तथा आर्थिक सहयोग समेत गरेका थिए । नेपाल इन्जिनियरिङ परिषद्ले सम्मेलनमा कार्यपत्र प्रस्तुत गरेका विज्ञहरूलाई १ घण्टा बराबरको निरन्तर पेशागत विकासको मुल्याङ्कन गरेका छन् ।

त्यसैगरी सम्मेलनलाई समापन समारोहमा सह-आयोजक, प्रायोजक तथा सत्र अध्यक्ष र सह-अध्यक्षलाई सम्मान गरिएको थियो । मुख्य वक्ताहरूलाई प्रमुख आतिथिले, अनुसन्धान पत्र प्रस्तुतकर्ताहरुलाई सत्रका अध्यक्षहरूले र अन्य सहयोगीहरूलाई सम्मेलनका अध्यक्ष तथा कलेजका प्राचार्य प्रा.डा. हरिकृष्ण श्रेष्ठ तथा कलेजका प्रमुख प्रशासकीय अधिकारी श्री अरुण कुमार भण्डारीले संयुक्तरूपमा प्रमाणपत्र वितरण गरेका थिए ।

अनुसन्धान पत्र प्रस्तुतकर्ता तथा अन्य सबै सहयोगीहरूलाई धन्यवाद दिँदै सम्मेलन अध्यक्षले समापन मन्तव्य दिएका थिए ।

# विपद् प्रभावित क्षेत्रको पुनर्निर्माणमा गैरप्राथमिक आयोजनाको बजेट लगाइने

हेटौंडा । बागमती प्रदेश सरकारले गैरप्राथमिक आयोजनाको बजेट कटौती गरी विपद् प्रभावित क्षेत्रको पुनःस्थापना तथा पुनर्निर्माणमा खर्च गर्ने तयारी गरेको छ ।

आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयगत विकास समस्या समाधान समितिको बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री किरण थापा मगरले विपद्बाट भएको जनधनको क्षतिलाई ध्यानमा राखेर पुनःस्थापना र पुनर्निर्माणलाई प्राथमिकता दिइने बताउनुभयो । उहाँले बजेटको सीमितताका कारण विभिन्न मन्त्रालय अन्तर्गतका गैरप्राथमिक कार्यक्रमको बजेट कटौती गरेर भए पनि विपद् प्रभावित क्षेत्रमा परिचालन गरिने बताउनुभयो। उद्धार, उपचार तथा खाद्यान्न वितरणको चरण पूरा भइसकेकाले अब आन्तरिक मामिला मन्त्रालयको संयोजकत्वमा पुनः स्थापना र पुनर्निर्माणका काम अघि बढाइने उहाँको भनाइ छ ।

मुख्यमन्त्री थापा मगरका अनुसार विपद्मा बेपत्ता भएका व्यक्तिका परिवारलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने प्रक्रिया ४५ दिनभित्र अघि बढाउने गरी सङ्घीय मन्त्रिपरिषद्बाट निर्णय भइसकेको छ । प्रदेश सरकारले मृतकका परिवारलाई प्रतिमृतक रु एक लाख राहत उपलब्ध गराउने निर्णय गरेको उहाँले जानकारी दिनुभयो ।

बैठकमा मुख्यमन्त्री थापा मगरले चाडपर्वका समयमा यात्रुको चाप बढ्ने भएकाले सुरक्षा तथा ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउन सम्बन्धित निकायलाई निर्देशन दिनुभयो । लामो दूरीका सार्वजनिक सवारीसाधनमा अनिवार्य दुई चालकको व्यवस्था कार्यान्वयन भए/नभएको अनुगमन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

लागुऔषध सेवन गरी सवारी चलाउने प्रवृत्ति नियन्त्रण गर्न स्वास्थ्य मन्त्रालयसँग समन्वय गरी परीक्षण सामग्री तथा प्राविधिक जनशक्ति उपलब्ध गराइने उहाँले बताउनुभयो। लागुऔषध सेवन गरेर सवारी चलाउने चालकको अनुमति पत्र खारेज गर्नेसम्बन्धी कानुनी व्यवस्था आवश्यक रहेको उहाँको भनाइ थियो ।

मुख्यमन्त्री थापा मगरले समस्याग्रस्त सहकारीका बचतकर्ताको रकम फिर्ता गराउन सहकारीको सम्पत्ति लिलाम गर्नेसम्मको प्रक्रिया अघि बढाइने बताउनुभयो ।

उहाँले कानुनबमोजिम निष्पक्ष रूपमा काम गर्न कर्मचारीलाई निर्देशन दिँदै सेवा प्रवाह र विकास निर्माणलाई प्रभावकारी बनाउन जोड दिनुभयो ।

# बागमतीले १०औं राष्ट्रिय खेलकुदमा ३२ वटै खेलमा सहभागिता जनाउने

हेटौँडा । बागमती प्रदेशले १०औँ राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश ३२ वटै खेलमा सहभागिता जनाउने भएको छ ।

प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपक लामाका अनुसार प्रतियोगितामा बागमतीबाट ६५६ खेलाडीसहित कुल ७८२ जनाको सहभागिता रहने छ । प्रतियोगिताका लागि प्रदेशका १३ वटै जिल्ला तथा सम्बन्धित खेल सङ्घलाई तयारी र खेलाडी छनोटका लागि पत्राचार गरिएको छ। आगामी कात्तिक १५ गतेभित्र सबै खेलको छनोट प्रक्रिया सम्पन्न गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो ।

कुल ३२ खेलमध्ये १२ खेलमा जिल्लास्तरबाट खेलाडी छनोट गरिनेछन् भने बाँकी खेलमा खुल्ला छनोट हुनेछ। खुल्ला छनोटमा प्रदेशका १३ जिल्लामा बसोबास गर्ने सम्बन्धित खेलका खेलाडी सहभागी हुन सक्ने प्रदेश खेलकुद विकास परिषद्ले जनाएको छ ।

यसअघि सम्पन्न तेस्रो बागमती प्रदेशस्तरीय खेलकुद प्रतियोगितालाई पनि १०औँ राष्ट्रिय खेलकुदको पूर्वतयारीका रूपमा लिइएको सदस्यसचिव लामाले बताउनुभयो । उक्त प्रतियोगितामा खेलाडीले गरेको प्रदर्शनलाई समेत छनोट प्रक्रियासँग जोडिने उहाँको भनाइ छ । राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट नतिजा हासिल गर्ने लक्ष्यसहित छनोट भएका खेलाडीलाई बन्द प्रशिक्षणमा राखेर विशेष प्रशिक्षण दिने तयारी गरिएको छ । खेलाडीको शारीरिक तयारीसँगै खेल मनोविज्ञान, पोषण तथा नियमित प्रशिक्षणलाई प्राथमिकता दिइने परिषद्ले जनाएको छ ।

आवश्यकताअनुसार योग्य प्रशिक्षक नियुक्त गरेर खेलाडीलाई प्रशिक्षण गराइने सदस्यसचिव लामाले बताउनुभयो । "उत्कृष्ट नतिजाका लागि आवश्यक आधार तयार गर्दैछौँ", उहाँले भन्नुभयो । प्रतियोगितामा सहभागिताका लागि बागमती प्रदेशले रु पाँच करोड ६० लाखको स्रोत सुनिश्चित गरेको छ । प्रदेश सरकारले प्रतियोगितामा पदक जित्ने खेलाडीलाई नगद पुरस्कार दिने व्यवस्थासमेत अघि बढाएको छ। प्रदेश सरकारले स्वर्ण पदक विजेतालाई रु एक लाख, रजत पदक प्राप्त गर्नेलाई रु ७५ हजार र कास्य पदक पाउनेलाई रु ५० हजार प्रदान गर्ने गरी कार्यविधि तयार गरिएको परिषद्ले जनाएको छ ।

# सामाजिक सद्भाव कायम गर्न लाग्नुपर्नेमा जोड

जनकपुरधाम । मधेस प्रदेशसभाका सभामुख रामअशिष यादवले निष्पक्षतालाई प्रवर्द्धन गर्दै सामाजिक सद्भाव कायम गर्न पत्रकारिता क्षेत्र प्रतिबद्ध हुनुपर्ने बताउनुभएको छ।

नेपाल पत्रकार महासङ्घ धनुषाको १४औं साधारणसभाको बिहीबार जनकपुरधाममा उद्घाटन गर्दै सभामुख यादवले पत्रकारिताको मर्यादा कायम राख्न सञ्चारकर्मीले अध्ययनशील भएर सत्यतथ्यमा आधारित समाचार सम्प्रेषण गर्नुपर्नेमा जोड दिनुभयो । "पत्रकारिता पक्ष वा विपक्षमा नभई निष्पक्ष हुनुपर्छ," सभामुख यादवले भन्नुभयो, "तब मात्र पत्रकारिताप्रति समाजको विश्वास अझ बढ्छ ।" सभामुख यादवले 'डिजिटल' माध्यमको विस्तारसँगै पत्रकारितामा नयाँ चुनौती थपिएको उल्लेख गर्दै व्यक्ति हितभन्दा सामाजिक हितलाई केन्द्रमा राखेर पत्रकारिता गर्न आग्रह गर्नुभयो । उहाँले सीमान्तकृत तथा पछाडि पारिएका समुदायका पक्षमा कलम चलाउन पत्रकारलाई आग्रह गर्नुभयो। उहाँले सङ्घीयता खर्चिलो भएको भन्ने भाष्य गलत रहेको उल्लेख गर्दै वित्तीय सङ्घीयता पूर्णरूपमा कार्यान्वयन हुन नसकेको समेत बताउनुभयो ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले महासङ्घ इतिहासकै कठिन अवस्थामा रहेको बताउनुभयो। संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार सुनिश्चित गरे पनि त्यसको संरक्षणका लागि पत्रकार एकजुट हुनुपर्ने उहाँले बताउनुभयो। राष्ट्रिय समाचार समिति (रासस)का पूर्वअध्यक्ष धर्मेन्द्र झाले डिजिटलाइजेसनका कारण पत्रकारिता क्षेत्रमा चुनौतीसँगै अवसर पनि थपिएको बताउनुभयो। पत्रकारलाई समयानुकूल बनाउँदै लैजानुपर्नेमा उहाँको जोड थियो । महासङ्घका महासचिव रामप्रसाद दाहालले सरकारले ल्याउन लागेको कतिपय कानुन प्रेस स्वतन्त्रतामाथि अङ्कुश लगाउने खालको रहेको बताउनुभयो । पत्रकारिता कमजोर हुँदा नागरिकको आवाज समेत कमजोर हुने उल्लेख गर्दै उहाँले सञ्चारमाध्यम संरक्षणका लागि राज्यले उपयुक्त नीति ल्याउनुपर्ने बताउनुभयो ।

आमसञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष जितेन्द्र खड्गाले पत्रकारिताको विकासप्रति सरकार गम्भीर बन्न नसकेको बताउनुभयो । सञ्चारमाध्यमका लागि विनियोजित बजेट न्यून रहेको र त्यसमाथि पनि कटौती गर्ने प्रयास भइरहेको उहाँको भनाइ थियो ।

# इच्छाकामना आधारभूत अस्पतालको सेवा नयाँ भवनबाट सेवा सञ्चालन

चितवन । इच्छाकामना आधारभूत अस्पतालले नवनिर्मित भवनबाट स्वास्थ्य सेवा सुरुआत गरेको छ । इच्छाकामना गाउँपालिका अध्यक्ष दानबहादुर गुरुङका अनुसार सङ्घीय सरकारको रु १४ करोड ५० लाख लागतमा निर्मित भवनमा १५ शैया रहेको छ ।

यसअघि गाउँपालिका कार्यालय परिसरमा रहेको पुरानो भवनबाट अस्पताल सञ्चालन हुँदै आएको थियो । यस अस्पतालमा पृथ्वी राजमार्ग र नारायणगढ-मुग्लिन सडक खण्डमा भएका सवारी दुर्घटनाका बिरामीसमेत आउने गर्दछन् । गाउँपालिकाका अतिरिक्त छिमेकी पालिकाबाटसमेत यहाँ बिरामी आउने गरेको उहाँले जानकारी दिनुभयो ।

अस्पतालका मेडिकल अधिकृत डा अभिषेक लिम्बूले नवनिर्मित भवनबाट अस्पतालका उपलब्ध स्वास्थ्य सेवा नियमित रूपमा सञ्चालन हुने बताउनुभयो। नयाँ भवनमा सेवा सञ्चालनसँगै सेवाग्राहीलाई पहिलेभन्दा सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउन सकिनेछ । अस्पतालबाट



प्रदान हुँदै आएको बहिरङ सेवा (ओपिडी), आकस्मिक सेवा (इमर्जेन्सी), प्रयोगशाला, एक्स-रेलगायतका स्वास्थ्य सेवासम्बन्धी सेवा अब नवनिर्मित भवनबाट सञ्चालन हुने उहाँको भनाइ छ ।

अस्पतालमा बिरामीलाई सेवा दिँदा दक्ष जनशक्ति कमी भएकाले सङ्घीय सरकारसँग थप जनशक्ति माग गरिएको छ । हाल अस्पतालमा पालिकाका दुई र बागमती प्रदेशको छात्रबृत्ति करारको एकगरी तीन जना चिकित्सक मात्र रहेका छन् । अस्पतालले चौबिसे घण्टा आकस्मिक सेवा दिँदै आएको छ । अस्पतालमा समयसमयमा विशेषज्ञ चिकित्सक बोलाएर सेवा दिने गरिएको छ । इच्छाकामना जिल्लाको एकमात्र गाउँपालिका हो। जहाँको अधिकांश भूगोल पहाडी रहेको छ ।

# पाँचौं वार्षिकोत्सवमा लाङ्घाली डेन्टलको उपचार सेवामा छुट

❑ *प्रत्यूष समाचारदाता*

धादिङ । नीलकण्ठ नगरपालिका -३, धादिङबेंसी मूलचोकमा रहेको लाङ्घाली डेन्टल क्लिनिकले सञ्चालनको पाँच वर्ष पूरा गरी छैटौं वर्षमा प्रवेश गरेको अवसरमा विभिन्न दन्त उपचार सेवामा विशेष छुट गरेको छ ।

क्लिनिकले पाँचौं वार्षिकोत्सवका अवसरमा असोज महिनाभर लागू हुने गरी निःशुल्क दन्त परीक्षण, विशेषज्ञ परामर्श तथा दन्त एक्स-रे सेवा उपलब्ध गराउने जनाएको छ। क्लिनिककी प्रबन्ध निर्देशक तथा डेन्टल सर्जन डा. रचना रेशमी गिदेल मगरका अनुसार दाँत सफा गर्ने, दाँत भर्ने, जरादेखिको उपचार (आरसिटी), सामान्य तथा जटिल दाँत निकाल्नेलगायतका उपचार सेवामा ५० प्रतिशतसम्म छुट उपलब्ध गराइनेछ ।

उहाँका अनुसार क्लिनिकले जनस्वास्थ्य कार्यालय धादिङबाट सञ्चालन अनुमति लिएर पाँच वर्षदेखि सेवा दिँदै आएको छ । स्वास्थ्यसम्बन्धी मापदण्डअनुसार सरसफाइ, संक्रमण नियन्त्रण र सेवाको गुणस्तरमा विशेष ध्यान दिँदै आएको गिदेल मगरले बताउनुभयो । क्लिनिकले व्यावसायिक सेवासँगै सामाजिक उत्तरदायित्वअन्तर्गत विपन्न तथा आर्थिक अवस्था कमजोर भएका नागरिकलाई समयसमयमा निःशुल्क उपचार सेवा उपलब्ध गराउँदै आएको जनाएको छ । वार्षिकोत्सवका अवसरमा उपचारका लागि आउने सेवाग्राहीलाई विशेष उपहारसमेत प्रदान गरिने डा मगरले जानकारी दिनुभयो । क्लिनिकमा डेन्टल सर्जन तथा लाइसेन्स प्राप्त डेन्टल हाइजिनिस्टको टोलीबाट सेवा प्रदान हुँदै आएको छ। साधारण दन्त उपचारसँगै कस्मेटिक डेन्टिस्ट्री, डेन्टल इम्प्लान्ट तथा अर्थोडोन्टिक उपचारसमेत उपलब्ध रहेको क्लिनिकले जनाएको छ ।




वार्षिकोत्सवको छुट कार्यक्रम, परामर्श तथा उपचार बुकिङका लागि क्लिनिकमा सम्पर्क गर्न सकिने जनाइएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com